# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, भदौ १० गते २०५३ साल (संख्या २०

## भाग ३

### श्री ५ को सरकार
### सामान्य प्रशासन मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम १० ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरूको अनुसूची १ को क्रमसंख्या २, ५, ७ र ८ मा क्रमशः चार्टर्ड एकाउन्टेण्ट, टेलिफोन अप्रेटर, टेलिफोन अप्रेटर र सहायक टेलिफोन अप्रेटर पदहरू थप गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम १० ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरूको अनुसूची २ को सट्टा देहायको अनुसूची २ राखी हेरफेर गरेको छ ।

अनुसूची २
(नियम ६ सँग सम्बन्धित)
सेवा प्रवेशको लागि चाहिने न्यूनतम योग्यता
खण्ड (क)

| क्र.सं. | पद र श्रेणी | न्यूनतम योग्यता |
|---|---|---|
| १. | चार्टर्ड एकाउन्टेण्ट रा. प. प्रथम | त्रि.वि.वि. बाट मान्यता प्राप्त संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा ७ वर्षको अनुभव प्राप्त । |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| २. चार्टर्ड एकाउन्टेण्ट रा. प. द्वितीय | त्रि. वि. वि. बाट मान्यता प्राप्त संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा ५ वर्षको अनुभव प्राप्त । |

खण्ड (ख)

खण्ड (क) मा उल्लेखित पद र श्रेणी बाहेक अन्य पद र श्रेणीको लागि:–

| क्र.सं. | पद र श्रेणी | न्यूनतम योग्यता |
|---|---|---|
| १. | राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीको पद | सेवाको राजपत्राङ्कित तृतीय श्रेणीको पदका लागि निर्धारित शैक्षिक योग्यता प्राप्त गरी नियमावलीको नियम १५ को उप-नियम (२) बमोजिमको अनुभव प्राप्त । |
| २. | राजपत्राङ्कित तृतीय श्रेणीको पद | श्री ५ को सरकारले लोक सेवा आयोगको परामर्श लिई समय-समयमा निर्धारण गरेबमोजिम । |
| ३. | राजपत्र अनंकित पदहरू | श्री ५ को सरकारले लोक सेवा आयोगको परामर्श लिई समय-समयमा निर्धारण गरेबमोजिम । |
| ४. | श्रेणी विहीन पद | श्री ५ को सरकारले निर्धारण गरेबमोजिम । |

## सूचना ३

श्री ५ को सरकारले नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को अनुसूची २ को खण्ड (ख) को क्रमसंख्या २ र ३ को प्रयोजनको निमित्त देहायको पद र श्रेणीको लागि देहायबमोजिम न्यूनतम योग्यता तोकेको छ ।

| क्र.सं. | पद र श्रेणी | न्यूनतम योग्यता |
|---|---|---|
| १. | समाज शास्त्री (रा.प.तृतीय) | समाज शास्त्र वा मानव शास्त्रमा स्नातकोत्तर परीक्षा उत्तीर्ण । |
| २. | कम्प्युटर इन्जिनियर (रा.प.तृ.) | कम्प्युटर इन्जिनियरिंगमा स्नातक वा इलेक्ट्रोनिक इन्जिनियरिंगमा स्नातक वा सो सरह । |
| ३. | कम्प्युटर अधिकृत (रा.प.तृ.) | कम्प्युटर इन्जिनियरिंगमा स्नातक वा इलेक्ट्रोनिक इन्जिनियरिंगमा स्नातक वा कम्प्युटर विज्ञानमा स्नातक वा गणित वा तथ्यांक विषयमा स्नातक गरी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| | स्वीकृत संस्थाबाट सिष्टम एनालिसस तथा कम्प्युटर प्रोग्रामिग वा सफटवेयरसम्बन्धी घटीमा १ वर्षको तालिम प्राप्त वा सो सरह । |
| ४. प्रशारक रा.प.अनं. प्रथम | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण-पत्र तह वा सो सरह उत्तीर्ण र मायक अनुकूल स्वर भएको तथा प्रशारणसम्बन्धी तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण-पत्र तह वा सो सरह उत्तीर्ण र सरकारी कार्यालय वा रजिष्टर्ड संस्थामा प्रशारकको काममा घटीमा एक वर्षको अनुभव प्राप्त । |
| ५. टेलिफोन अप्रेटर (रा.प.अनं. प्रथम) | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण र सरकारी कार्यालय वा रजिष्टर्ड संस्थाबाट टेलिफोन अपरेशनसम्बन्धी काममा अविच्छिन्न रूपमा घटीमा तीन महिनाको अनुभव । |
| ६. सहायक कार्टोग्राफर (रा.प.अनं. प्रथम) | भूगोल वा ललित कला वा ड्राफ्ट्सम्यानशीपमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण वा प्रमाण-पत्र तह वा सो सरह उत्तीर्ण भै कार्टोग्राफीमा एक शैक्षिक बर्षको तालिम प्राप्त । |
| ७. कम्प्युटर अप्रेटर (रा.प.अनं. प्रथम)<br>– कम्प्युटर सहायक "<br>– डाटाइन्ट्री अप्रेटर "<br>– डाटा कोडिङ सुपरभाइजर "<br>– डाटाइन्ट्री सुपरभाइजर "<br>– डाटा प्रिपरेशन सुपरभाइजर " | प्रमाण-पत्र तह उत्तीर्ण गरी वर्ड प्रोसेसिग, पेकेज जस्तै वर्डस्टार, वर्ड परफेक्ट, माइक्रोसफट वर्ड, वर्ड फोर विन्डोजमध्ये कुनै एउटा विषयमा घटीमा एक महिनाको तालिम प्राप्त साथै पेकेज प्रोग्रामिग जस्तै डिबेस, फक्स, प्रो., पाराडक्समध्ये कुनै एउटा विषयमा घटीमा एक महिनाको तालिम समेत गरी कम्तिमा दुई महिनाको तालिम प्राप्त । |
| ८. टेलिफोन अप्रेटर (रा.प.अनं. द्वितीय) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण-पत्र तह वा सो सरह उत्तीर्ण र सरकारी कार्यालय वा रजिष्टर्ड |


३८२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संस्थाबाट टेलिफोन अपरेशनसम्बन्धी काममा अविच्छिन्न रूपमा घटीमा तीन महिनाको अनुभव प्राप्त ।

| | | |
|---|---|---|
| ९.– सहायक कम्प्युटर अप्रेटर | (रा. प. अनं द्वितीय) | एस. एल. सी. उत्तीर्ण गरी डिवेस र वर्ड प्रोसेसिंग पेकेज जस्तै वर्ड स्टार, वर्ड परफेक्ट, माइक्रोसफट वर्ड, वर्ड फोर विन्डोजमध्ये कुनै एउटा विषयमा घटीमा १ महिनाको तालिमको साथै टाईपिंगको प्रमाण-पत्रसमेत प्राप्त गरेको । |
| – डाटाइन्ट्री अप्रेटर | ( " ) | |
| – सहायक डाटा प्रिपरेशन सुपरभाइजर | ( " ) | |
| – डाटा प्रिपरेशन सुपरभाइजर | ( " ) | |
| – सहायक डाटा इन्ट्री सुपरभाइजर | ( " ) | |
| १०. लिफ्ट अप्रेटर | (रा. प. अनं. तृतीय) | दशम कक्षा उत्तीर्ण र सम्बन्धित विषयको तालिम प्राप्त वा दशम कक्षा उत्तीर्ण र सम्बन्धित काममा १ वर्षको अनुभव । |
| ११. टेलिफोन अप्रेटर | (रा. प. अनं. तृतीय) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण र सरकारी कार्यालय वा रजिष्टर्ड संस्थाबाट टेलिफोन अपरेशनसम्बन्धी काममा अविच्छिन्न रूपमा घटीमा तीन महिनाको अनुभव प्राप्त । |
| १२. व्यागेज ट्रली अप्रेटर | (रा. प. अनं. चतुर्थ) | दशम कक्षा उत्तीर्ण । |
| १३. सहायक टेलिफोन अप्रेटर | (रा.प. अनं. चतुर्थ) | मान्यता प्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण र सरकारी कार्यालय वा रजिष्टर्ड संस्थाबाट टेलिफोन अपरेशन सम्बन्धी काममा अविच्छिन्न रूपमा घटीमा तीन महिनाको अनुभव प्राप्त । |

आज्ञाले,
विश्वनाथ सापकोटा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको

## सूचना १

नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमका पदाधिकारीहरू रहने गरी बर्दिया जिल्लाको राजापुर गाउँ विकास समितिको क्षेत्रमा राजापुर नगर विकास समिति गठन गरेको छ।

क. समितिको गठनः–

(१) श्री धर्मराज शाहा, दौलतपुर, बर्दिया – अध्यक्ष
(२) श्री हिमबहादुर बिष्ट, मनाउँ, बर्दिया – उपाध्यक्ष
(३) श्री लोकबहादुर शाही, मनाउँ, बर्दिया – सदस्य
(४) श्री जीबराज रेग्मी, राजापुर, बर्दिया "
(५) श्रीमती भगवती श्रेष्ठ राजापुर, बर्दिया "
(६) श्री दिलबहादुर चौधरी, राजापुर, बर्दिया "
(७) श्री फौजबहादुर मगर, राजापुर, बर्दिया "
(८) श्री राममणि उपाध्याय, राजापुर, बर्दिया "
(९) श्री शंशेरबहादुर राठोर, प्राताभार, बर्दिया "
(१०) श्री कुलमान श्रेष्ठ, सीमापुर, बर्दिया "
(११) श्री चन्द्रध्वज जि. सी., राजापुर, बर्दिया "
(१२) श्री केदार आचार्य, राजापुर, बर्दिया "
(१३) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, बर्दिया "
(१४) प्रतिनिधि, जिल्ला विकास समितिको कार्यालय बर्दिया "
(१५) प्रतिनिधि, जिल्ला मालपोत कार्यालय, बर्दिया "
(१६) प्रतिनिधि, जिल्ला मेन्टेनेन्स नापी कार्यालय, बर्दिया "
(१७) प्रतिनिधि जिल्ला खानेपानी कार्यालय, बर्दिया "
(१८) प्रतिनिधि, जिल्ला वन कार्यालय, बर्दिया "
(१९) प्रतिनिधि, जिल्ला कृषि विकास कार्यालय, बर्दिया "
(२०) प्रतिनिधि, जिल्ला भूमिसुधार कार्यालय, बर्दिया "
(२१) प्रतिनिधि, जिल्ला हुलाक कार्यालय, बर्दिया "
(२२) प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय, बर्दिया "
(२३) प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय, बर्दिया "


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२४) प्रमुख, जिल्ला भवन कार्यालय, वा निजले तोकेको प्रतिनिधि (अधिकृत स्तर) —सदस्य-सचिव

ख. मनोनीत पदाधिकारीको पदावधि २ वर्षको हुनेछ ।

## सूचना २

नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका पदाधिकारी रहने गरी बर्दिया जिल्लाको गुलरिया गाउँ विकास समितिको क्षेत्रमा गुलरिया नगर विकास समिति गठन गरेको छ ।

क. <u>समितिको गठनः—</u>

(१) श्री बासुदेव शर्मा, गुलरिया, बर्दिया — अध्यक्ष
(२) श्री महेन्द्रराज शर्मा, गुलरिया, बर्दिया — उपाध्यक्ष
(३) श्री रामप्रसाद पौडेल, गुलरिया, बर्दिया — सदस्य
(४) श्री उदयनाथ गाउँले, गुलरिया, बर्दिया "
(५) श्री राजेन्द्रबहादुर सिंह, गुलरिया, बर्दिया "
(६) श्री कमलराज शर्मा, गुलरिया, बर्दिया "
(७) श्री उदयबहादुर खत्री, गुलरिया, बर्दिया "
(८) श्रीमती मोहनकुमारी चौधरी, बलवा क्षेत्र नं. १, बर्दिया "
(९) श्री रसिक अहमद शेख, महमदपुर, बर्दिया "
(१०) श्री भगवती यादव, खैरापुर गाउँ विकास समिति, बर्दिया "
(११) श्री गीता बस्नेत, गुलरिया, बर्दिया "
(१२) प्रमुख, जिल्ला प्रशासन कार्यालय, बर्दिया "
(१३) प्रमुख, जिल्ला मालपोत कार्यालय, बर्दिया "
(१४) प्रमुख, जिल्ला खानेपानी कार्यालय, बर्दिया "
(१५) प्रमुख, जिल्ला वन कार्यालय, बर्दिया "
(१६) प्रमुख, जिल्ला मेन्टेनेन्स नापी कार्यालय, बर्दिया "
(१७) प्रमुख, स्थानीय विकास अधिकारी, बर्दिया "
(१८) प्रमुख, जिल्ला कृषि विकास कार्यालय, बर्दिया "
(१९) प्रमुख, भूमिसुधार कार्यालय, बर्दिया "
(२०) प्रमुख, जिल्ला प्रहरी कार्यालय, बर्दिया "
(२१) प्रमुख, जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय, बर्दिया "
(२२) प्रमुख, जिल्ला भवन कार्यालय, बर्दिया —सदस्य-सचिव

ख. मनोनीत पदाधिकारीहरूको पदावधि २ वर्षको हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमका पदाधिकारीहरू रहने गरी रूकुम जिल्लाको विजयश्वरी गाउँ विकास समिति क्षेत्रमा चौरझारी नगर विकास समिति गठन गरेको छ।

क. समितिको गठन:–

(१) श्री मुकुन्दबहादुर शाहा, विजयश्वरी गाउँ विकास समिति वडा नं. ३ (कालीमाटी गाउँ), रूकुम —अध्यक्ष

(२) श्री साकों बुढा, विजयश्वरी गाउँ विकास समिति वडा नं.७ (यटा गाउँ), रूकुम —उपाध्यक्ष

(३) श्री पद्मबहादुर बुढा, विजयश्वरी गाउँ विकास समिति वडा नं. ७ (टाटा गाउँ), रूकुम —सदस्य

(४) श्री गोपालप्रसाद शर्मा, विजयश्वरी गाउँ विकास समिति वडा नं. ५ (रूक्मेगाउँ) "

(५) श्री ठगेन्द्र भाट, विजयश्वरी गाउँ विकास समिति वडा नं. ३ (लामिछाने गाउँ), रूकुम "

(६) श्री कीर्तिबहादुर बिष्ट, विजयश्वरी गाउँ विकास समिति वडा नं. ४ (नासिया गाउँ), रूकुम "

(७) श्री काशीराम गौतम, विजयश्वरी गाउँ विकास समिति वडा नं. ५, रूकुम "

(८) श्री शशे खत्री, विजयश्वरी गाउँ विकास समिति वडा नं. ५, रूकुम "

(९) श्री दिलबहादुर ओली, विजयश्वरी गाउँ विकास समिति वडा नं. १, रूकुम "

(१०) श्री तिलक भण्डारी, विजयश्वरी गाउँ विकास समिति वडा नं. ३, रूकुम "

(११) श्री गोपी बस्नेत, विजयश्वरी गाउँ विकास समिति वडा नं. ७, रूकुम "

(१२) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, रूकुम "

(१३) प्रतिनिधि, जिल्ला मालपोत कार्यालय, रूकुम "

(१४) प्रतिनिधि, कृषि विकास बैंक, प्रशाखा कार्यालय, चौरझारी रूकुम "

(१५) प्रतिनिधि, राष्ट्रिय वाणिज्य बैंक उपशाखा कार्यालय, रूकुम "



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१६) प्रतिनिधि, जिल्ला कृषि विकास कार्यालय, रूकुम सदस्य
(१७) प्रतिनिधि, जिल्ला पशु विकास कार्यालय, रूकुम "
(१८) प्रतिनिधि, जिल्ला जनस्वास्थ्य कार्यालय, रूकुम "
(१९) प्रतिनिधि, जिल्ला हुलाक कार्यालय, रूकुम "
(२०) प्रतिनिधि, जिल्ला सिंचाइ कार्यालय, रूकुम "
(२१) प्रतिनिधि, साना जलविद्युत आयोजना, चौरझारी, रूकुम "
(२२) प्रतिनिधि, जिल्ला भवन कार्यालयले तोकेको, रूकुम – सदस्य-सचिव

ख. मनोनीत पदाधिकारीहरूको पदावधि २ वर्षको हुनेछ ।

## सूचना ४

नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका पदाधिकारीहरू रहने गरी नवलपरासी जिल्लाको परासी गाउँ विकास समिति क्षेत्रमा परासी नगर विकास समिति गठन गरेको छ ।

क. समितिमा रहने अध्यक्ष तथा सदस्यहरूः–

(१) श्री लक्ष्मीनारायण गुप्ता, परासी, नवलपरासी -- अध्यक्ष
(२) श्री सत्रंजित यादव, परासी, नवलपरासी – उपाध्यक्ष
(३) श्री रामवृक्ष यादव, परासी, नवलपरासी – सदस्य
(४) श्री नरसिंह गुप्ता, परासी, नवलपरासी "
(५) श्री खेमराज खरेल, परासी नवलपरासी "
(६) श्री अल्लाउद्दीन अन्सारी, परासी, नवलपरासी "
(७) श्री अशोककुमार प्रधान, परासी, नवलपरासी "
(८) श्री छविलाल चौधरी, परासी, नवलपरासी "
(९) श्री वीरेन्द्रप्रसाद उपाध्याय, परासी, नवलपरासी "
(१०) श्री ऋषिराज चौधरी, परासी नवलपरासी "
(११) श्री किरण ज्ञवाली, परासी, नवलपरासी "
(१२) श्री शारदा नाउँ, परासी, नवलपरासी "
(१३) श्री प्रकाश श्रेष्ठ, परासी नवलपरासी "
(१४) श्री बद्रीप्रसाद शर्मा, परासी, नवलपरासी "
(१५) अध्यक्ष, परासी गाउँ विकास समिति, नवलपरासी "
(१६) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, नवलपरासी "
(१७) प्रमुख, जिल्ला विकास समितिको कार्यालय, नवलपरासी "



२५०
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१८) प्रमुख, जिल्ला मालपोत कार्यालय, नवलपरासी सदस्य
(१९) प्रमुख, जिल्ला मेन्टेनेन्स नापी कार्यालय, नवलपरासी "
(२०) प्रमुख, जिल्ला खानेपानी कार्यालय, नवलपरासी "
(२१) प्रमुख, जिल्ला वन कार्यालय, नवलपरासी "
(२२) प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय, नवलपरासी "
(२३) प्रमुख, जिल्ला प्रहरी कार्यालय, नवलपरासी "
(२४) प्रमुख, जिल्ला शिक्षा कार्यालय, नवलपरासी "
(२५) प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय, नवलपरासी "
(२६) प्रमुख, कृषि विकास कार्यालय, नवलपरासी "
(२७) प्रमुख, स्थानीय सडक कार्यालय, नवलपरासी "
(२८) प्रमुख, सहकारी कार्यालय, नवलपरासी "
(२९) प्रमुख, विद्युत प्राधिकरण कार्यालय, नवलपरासी "
(३०) प्रमुख, जिल्ला भवन कार्यालय, नवलपरासी सदस्य-सचिव

ख. मनोनीत पदाधिकारीहरूको पदावधि २ वर्षको हुनेछ ।

## सूचना ५

नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका पदाधिकारीहरू रहने गरी ओखलढुङ्गा जिल्लाको ओखलढुङ्गा गाउँ विकास समितिमा ओखलढुङ्गा नगर विकास समिति गठन गरेको छ ।

क. समितिको गठनः–

(१) श्री वीरेन्द्रलाल राजभण्डारी, ओखलढुङ्गा वडा नं. ५, ओखलढुङ्गा –अध्यक्ष
(२) श्री हेमनारायण राजभण्डारी, ओखलढुङ्गा वडा नं ५, ओखलढुङ्गा –उपाध्यक्ष
(३) श्री जगेन्द्रबहादुर बस्नेत, रावादोलु वडा नं २, ओखलढुङ्गा –सदस्य
(४) श्री प्रभुराम श्रेष्ठ, सिस्नेरी वडा नं ४, ओखलढुङ्गा "
(५) श्री हर्कबहादुर राई, उँबु वडा नं. ४, ओखलढुङ्गा "
(६) श्री लैरेबहादुर श्रेष्ठ, ओखलढुङ्गा वडा नं. ६, ओखलढुङ्गा "
(७) श्री प्रेमराज राई, मोली, ओखलढुङ्गा "
(८) श्री टेकराज भट्टराई, दियाले, ओखलढुङ्गा "
(९) श्री वैजनाथ श्रेष्ठ, ओखलढुङ्गा बजार, ओखलढुङ्गा "



379
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१०) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गा　　सदस्य
(११) प्रमुख, जिल्ला विकास समितिको कार्यालय, ओखलढुङ्गा　　"
(१२) प्रमुख, जिल्ला मालपोत कार्यालय, ओखलढुङ्गा　　"
(१३) प्रमुख, जिल्ला मेन्टेनेन्स नापी कार्यालय, ओखलढुङ्गा　　"
(१४) प्रमुख, जिल्ला खानेपानी कार्यालय, ओखलढुङ्गा　　"
(१५) प्रमुख, जिल्ला वन कार्यालय, ओखलढुङ्गा　　"
(१६) प्रमुख, जिल्ला सिंचाइ कार्यालय, ओखलढुङ्गा　　"
(१७) प्रमुख, जिल्ला कृषि विकास कार्यालय, ओखलढुङ्गा　　"
(१८) प्रमुख, जिल्ला भवन कार्यालय, ओखलढुङ्गा　　–सदस्य-सचिव

ख. मनोनीत पदाधिकारीहरूको पदावधि २ वर्षको हुनेछ ।

## सूचना ६

नगर विकास ऐन २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमका पदाधिकारीहरू रहने गरी धादिङ जिल्लाको नीलकण्ठ गाउँ विकास समिति, साङगकोस गाउँ विकास समिति, सुनौलाबजार गाउँ विकास समिति र मुरली भन्ज्याङग गाउँ विकास समिति क्षेत्रभित्र धादिङबेसी नगर विकास समिति गठन गरेको छ।

क. समितिको गठनः–

(१) श्री ज्ञानबहादुरसिंह ठकुरी, नीलकण्ठ गाउँ विकास समिति वडा नं. १ धादिङ　　–अध्यक्ष
(२) श्री चीजकुमार श्रेष्ठ, नीलकण्ठ गाउँ विकास समिति वडा नं.५ धादिङ –उपाध्यक्ष
(३) श्री मानबहादुर नेपाल, नीलकण्ठ गाउँ विकास समिति वडा नं. ७ धादिङ –सदस्य
(४) श्री दुर्गाबहादुर गुरूङ, नीलकण्ठ गाउँ विकास समिति वडा नं. ९ धादिङ　　"
(५) श्री चक्रबहादुर भण्डारी, नीलकण्ठ गाउँ विकास समिति वडा नं.६ धादिङ　　"
(६) श्री राजकुमार श्रेष्ठ, नीलकण्ठ गाउँ विकास समिति वडा नं. ५ धादिङ　　"
(७) श्री गोविन्दराज श्रेष्ठ, नीलकण्ठ गाउँ विकास समिति वडा नं. २ धादिङ　　"
(८) श्री विश्वराज अधिकारी, नीलकण्ठ गाउँ विकास समिति वडा नं. ५ धादिङ　　"
(९) श्री रामबहादुर भण्डारी, नीलकण्ठ गाउँ विकास समिति वडा नं. ६ धादिङ　　"
(१०) श्रीमती शान्तिमाया गुरूङ, साङगकोस वडा नं. ८ धादिङ　　"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (११) | श्री बलबहादुर थापा, सुनौला बजार वडा नं. ७ धादिङ | सदस्य |
| (१२) | श्री इन्द्रबहादुर तामाङ, दार्खा वडा नं. ६ धादिङ | " |
| (१३) | श्री शिवकुमार श्रेष्ठ, मुरली भन्ज्याङ वडा नं. ४ धादिङ | " |
| (१४) | श्री इन्द्रबहादुर श्रेष्ठ, नीलकण्ठ गाउँ विकास समिति वडा नं. ५ धादिङ | " |
| (१५) | प्रमुख, जिल्ला प्रशासन कार्यालय, धादिङ | " |
| (१६) | प्रमुख, जिल्ला विकास समिति, धादिङ | " |
| (१७) | प्रमुख, जिल्ला मालपोत कार्यालय, धादिङ | " |
| (१८) | प्रमुख, जिल्ला वन कार्यालय, धादिङ | " |
| (१९) | प्रमुख, जिल्ला भूमिसुधार कार्यालय, धादिङ | " |
| (२०) | प्रमुख, जिल्ला शिक्षा कार्यालय, धादिङ | " |
| (२१) | प्रमुख, जिल्ला प्रहरी कार्यालय, धादिङ | " |
| (२२) | प्रमुख, जिल्ला सिंचाइ कार्यालय, धादिङ | " |
| (२३) | प्रमुख, डिभिजन सडक कार्यालय, धादिङ | " |
| (२४) | प्रमुख, जिल्ला मेन्टेनेन्स नापी कार्यालय, धादिङ | " |
| (२५) | प्रमुख, भू-संरक्षण कार्यालय, धादिङ | " |
| (२६) | प्रमुख, जिल्ला खानेपानी कार्यालय, धादिङ | " |
| (२७) | प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय, धादिङ | " |
| (२८) | प्रमुख, जिल्ला भवन कार्यालय, धादिङ | – सदस्य–सचिव |

ख. मनोनीत पदाधिकारीहरूको पदावधि २ वर्षको हुनेछ ।

## सूचना ७

श्री ५ को सरकारले नगर विकास ऐन २०४५ को दफा ३ को उपदफा ३.३ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा १२.१.२ बमोजिम काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति काठमाडौंले काठमाडौं महानगरपालिका वडा नं. ३५ साविक सिनामंगल ७क, ७ख, ७ग को तपसिलको चारकिल्लाभित्रको सिनामंगल क्षेत्रमा रहेको जग्गा विभिन्न कित्ताहरूलाई एकीकरण गरी नगर योजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्ता सेवा सुविधा विस्तार व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरू बेची असुल गर्ने तथा बाँकी विकसित घडेरीहरू साविककै जग्गाधनी वा मोहीहरुलाई समानुपातिक आधारमा फिर्ता दिने गरी जग्गा एकीकरण (ल्याण्ड पुलिङ) कार्यक्रम मिति २०५३।८।१२ देखि संचालन गर्न श्री ५ को सरकार-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाट मिति २०५३।४।११ मा निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरेको छ ।

तपसिल

पूर्व: साविक सिनामंगल ७घ र साविक गोठाटार गा. पं. वडा नं ८ (क)
पश्चिम: साविक सिनामंगल गाउँ
उत्तर: न्हयाकटी गाउँ
दक्षिण: पुरानो ठिमी जाने पक्कीसडक र पेप्सीकोलाको पर्खाल ।

आज्ञाले,
डी.दी. भट्टराई
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी अद्वैत संस्था केन्द्रीय सत्संग मन्दिर काठमाडौंले नेपाली वेद उपनिषदहरू प्रकाशन गर्नको लागि आवश्यक पर्ने सेतो ६० ग्रामको २० × ३० साइजको कागज भृकुटी पल्प एण्ड पेपर मिल, गैंडाकोटबाट खरीद गर्ने ८ (आठ) टन कागजमा लाग्ने बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरेको छ ।

## सूचना २

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी स्वयम्भू बारुदखाना कार्यालयले चालू आ. व. २०५३।०५४ मा आफ्नो उत्पादन कार्यमा प्रयोग गर्नको लागि वीरगंज चिनी कारखानाबाट ६० हजार लिटर अल्कोहल डिनेचर स्प्रीट खरीद गर्दा लाग्ने बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।